# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

कोशी प्रदेश, नेपाल


प.सं: २०८०/८१

**सेवा करारमा लिने सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०८०।०६।०४)

सिद्धिचरण नगरपालिकाको नगर प्रहरी सेवा इकाईका लागि आवश्यक निम्न पदहरु करार सेवामा लिन प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय वमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यस कार्यालयमा १५ दिनभित्रमा नियमानुसार यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद सहित यस कार्यालयमा दरखास्त दिनुपर्नेछ ।सेवाका सर्त तथा तलब तथा अन्य सुविधां नगरपालिकाले तोके बमोजिम हुनेछ ।आवेदन फाराम, कार्य विवरण सहितको विस्तृत विवरण नगरपालिकाको वेवसाइट www.siddhicharanmun.gov.np तथा कार्यालय समयभित्र कार्यालयको प्रशासन शाखाबाट समेत उपलब्ध हुनेछ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | जम्मा संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १. | ३/२०८०-८१ | खुला | नगर प्रहरी सहायक निरीक्षक (नगर अ.स.ई.) | १ (जना) | ४००।- |
| २. | ४/२०८०-८१ | महिला | नगर प्रहरी जवान | २ (जना) | ३००।- |

परीक्षाको किसिमः

क) नगर प्रहरी सहायक निरीक्षक (नगर अ.स.ई.) र नगर प्रहरी जवान पदको लागिः

| चरण | विवरण | पूर्णांक | उत्तीर्णाङ्क |
|---|---|---|---|
| प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | शारीरिक तन्दुरुस्ती परीक्षा | १०० | ४० |
| दोस्रो चरण | विस्तृत स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| तेस्रो चरण | लिखित परीक्षा | १०० | ४० |
| चौथो चरण | अन्तरवार्ता परीक्षा | २० | ८ |

लिखित परीक्षा कार्यक्रमः पछि प्रकाशन गरिनेछ ।

परीक्षा केन्द्रः सिद्धिचरण नगरपालिकाले तोकेको स्थानमा हुनेछ ।

दरखास्त दिने अन्तिम मितिः मिति २०८०/०६/१८ गतेसम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म हुनेछ ।

उम्मेदवारको उमेर हदः २०८०/०६/१८ गतेसम्म नगर प्रहरी सहायक निरीक्षकको हकमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र नगर प्रहरी जवानको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको ।

प्रमुख प्रशासकीय अधिकृत

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं: २०८०/८१

ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल


पेश गर्नुपर्ने कागजातहरुः उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरु उम्मेदवार स्वंयले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

अन्तरवार्ता अघिका परीक्षा कार्यक्रम र अन्तरवार्ता हुने मिति र स्थानः लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ ।

आवश्यक न्यूनतम योग्यता र अनुभवः

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी थान-१,

२. कार्य अनुभव भए सो को प्रमाणित प्रतिलिपि

३. अन्य प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको,

४. नगर प्रहरी सहायक निरीक्षक (नगर अ.स.ई.) र नगर प्रहरी जवान पदको लागिः नगर प्रहरी सहायक निरीक्षक (नगर अ.स.ई.) पदको लागि प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण र नगर प्रहरी जवान पदको लागि कक्षा ८ (आठ) उत्तीर्ण गरेको,

तपसिलः

क) देहाय वमोजिमको शारीरिक तन्दुरुस्ती भएकोः

| महिला | पुरुष |
|---|---|
| उचाई कम्तीमाः ५ फिट | उचाई कम्तीमाः ५ फिट २ ईन्च |
| तौल कम्तीमाः ४२ के.जी. | तौल कम्तीमाः ५० के.जी. |
| छातिः | छातिः नफुलाउँदा ३१ इन्च, फुलाउँदा ३२ इन्च |

ख) निम्न अवस्था भएका उम्मेदवारलाई छनौट गरिने छैनः

१. अंगभंग/कुरुप देखिने,

२. हात खुट्टा बांगो/टिंगो र औंलाहरु ठिक नभएको,

३. घुँडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (k2/k2) भन्दा माथिको,

४. धेरै चेप्टो पैताला भएको (भालु पाईले),

५. प्रष्ट बोली नभएको (भकभके),

६. लठ्यौरो,

७. ढाड कुप्रो भएको,

८. शरीर पूरा झुकाउन नसक्ने/टुक्रुक्क बस्न नसक्ने,

९. जिउ कोल्टे परेको (बांगो शरीर भएको),

१०. उपचार नहुने दुवी भएको,

बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं: २०८०/८१

११. कपाल झरेको, फुलेको वा रंगाएको (सामान्यतया प्रहरी कार्यका लागि असर पर्ने गरी कपाल झरेको, फुलेको वा रंगाएको बाहेक),

१२. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो) कम्तीमा पुरुष ५० के.जी. र महिला ४२ के.जी. भन्दा कम, आँखा डेढो भएका,

१३. कुनै एक आँखा चिम्लन नसक्ने,

१४. उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल (BMI) भएको,

१५. शरीर मोटो तर हात खुट्टा झिनो देखिने,

१६. अनुहारमा अस्वभाविक दागहरु भएको,

१७. शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको ( प्रहरी कार्यमा असर नपर्ने गरी धार्मिक, सांस्कृतिक वा सामाजिक परम्पराको रुपमा खोपिएका ट्याटु बाहेक),

१८. २ (दुई) भन्दा बढी दाँत किराले खाएको वा झरेको (अगाडिको दाँत नझरेको, झरेको भएता पनि उपचार पश्चात प्रतिस्थापन गरेको, किरा लागेको दाँत भरेको वा उपचार योग्य भएको बाहेक),

१९. भेरिकोच वा नशा फुल्ने भएको ।

थप जानकारीको लागि प्रशासन शाखा, ९८५२८४३३३३ मा सम्पर्क गर्न सकिनेछ ।

बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत